विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/१२/१९ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | पार्किङ व्यवस्थापन सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर सभाको एघारौं अधिवेशनको सार्वजनिक सडकमा सवारी पार्किङ निषेध गर्ने सम्बन्धी निर्णय कार्यान्वयनको सिलसिलामा महानगरको मुख्य बजार क्षेत्रमा वैकल्पिक सवारी पार्किङको व्यवस्थापन गरी सार्वजनिक सडकमा पार्किङ निषेध गरिएकोमा उक्त पार्किङ स्थलमा उपयुक्त संरचना निर्माण र सुरक्षाको लागि सिसिटिभी जडान गरी पार्किङ स्थलबारे पर्याप्त जानकारी गर्न/गराउन प्रचारप्रसार समेत गरेर पार्किङ व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | मोहल्ला क्लिनिक भ्रमण प्रतिवेदन सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/१०/२९ को निर्णयानुसार भारतको दिल्ली सरकारले सञ्चालन गरेको "मोहल्ला क्लिनिक"को सम्बन्धमा अध्ययन अवलोकन गर्न मिति २०७९/१२/०१ देखि २०७९/१२/०७ सम्म नयाँ दिल्ली, भारत भ्रमणमा जानुभएका भ्रमण टोली (श्री काजी बहादुर बस्नेत, श्री हैदर अली र श्री रामहरी कोइराला) ले पेश गरेको प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गरियो। |
| ४ | विविध। | (क) विराटनगरको समग्र विकासमा आवश्यक सहयोग र पहलकदमीका लागि विभिन्न सरकारी (सङ्घीय/प्रदेश) तथा गैह्रसरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय विकास साझेदार तथा दातृ निकायहरूसँग विराटनगर महानगरपालिकाको योजना, प्राथमिकता, आवश्यकता र चुनौतिहरूको सम्बन्धमा बृहत् अन्तरक्रिया गर्न विराटनगरमा "Build Better Biratnagar (BBB) Interaction/Workshop" आयोजना गर्ने र सोका लागि आवश्यक रकम विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च (बजेट किताबको पाना नं.४४, क.सं.२६) बजेट शीर्षकबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) महानगरपालिका क्षेत्रभित्र व्यवस्थित खुला ठाउँ र पर्यटकीय पूर्वाधारहरू पर्याप्त नभएकोले विराटनगर-१ स्थित हृदयेन्द्र बाल उद्यानलाई पर्यटकीय प्रवर्द्धन समेत हुनेगरी व्यवस्थित पार्क (बाल उद्यान) बनाउनको लागि परामर्शदाता श्री घर निर्माण प्रा.लि., धरान, सुनसरीले पेश गरेको रु.१,८७,२५,८६१।२० बराबरको लागत अनुमान भएको गुरुयोजना र विस्तृत प्राविधिक प्रतिवेदन (DPR) स्वीकृत गरिएको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। एवम्, उक्त योजना कार्यान्वयनका लागि अपुग रकम रु.९२ लाख आगामी नगर सभाबाट अनुमोदन हुनेगरी मर्मतसम्भार कोषबाट व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|

(ग) वडा समितिको निर्णयसहितको ९ नं. वडा कार्यालयको सिफारिस बमोजिम गत नगर सभाको एघारौं अधिवेशनबाट संशोधन तथा रकमान्तर गर्न छुट भएका देहाय अनुसारका योजना/कार्यक्रमहरू आगामी नगर सभाबाट अनुमोदन हुनेगरी संशोधन गरेर कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.सं. | बजेट शीर्षक र विनियोजित रकम | संशोधन/रकमान्तर भई कायम हुनुपर्ने योजना/कार्यक्रम र बजेट रकम |
|---|---|---|
| १ | मठ, मन्दिर, पाटी पौवा, बिजुली बत्ति, अधुरो नाला, सडक, खानेपानी लाइन विस्तार, बत्ति ब्यूटिफिकेशन (पाना नं.१६९, क्र.सं.३७२) – रु.५०,००,०००।- | महाबीर रोड, गुदरी रोड, दधिरामपथ र रामजानकीपथ लगायत वडाका आवश्यक चोकहरूमा आधुनिक बत्ति तथा सडकबत्ति जडान – रु.१०,००,०००।- |
| २ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | आधारभूत स्वास्थ्य केन्द्र, वडा नं.९ को लागि प्रयोगशाला सामग्री खरिद तथा व्यवस्थापन – रु.५,००,०००।- |
| ३ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | कलेज रोड सरिता साहको घरदेखि पूर्व यादवजीको घरसम्मको बाटो – रु.८,५०,०००।- |
| ४ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | कलेज रोड रघुवंश साहको घर अगाडि र भि.आइ.पी.पथ पण्डित सिताराम शर्माको घर अगाडि कलभर्ट थान २ – रु.७,००,०००।- |
| ५ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | जानकी सेवा सदनमा लिफ्ट जडान – रु.९,००,०००।- |
| ६ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | शैलेस मन्दिर निर्माण कार्य – रु.३,००,०००।- |
| ७ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | शीतल धर्मशाला भवन निर्माण तथा ए.सी. जडान लगायत टायल्स, मार्बल, ब्यूटिफिकेसन कार्य समेतका लागि – रु.९,००,०००।- |
| ८ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | भूमिप्रशासन चोक पश्चिम थानगाछी मन्दिर निर्माण – रु.२,००,०००।- |
| ९ | ऐ.ऐ. (पाना नं.१६९, क्र.सं.३७२) | हिमालय सिनेमा अगाडिबाट कृषि विकास बैंक जाने बाटो (पाना नं.१६९, क्र.सं. ३६९) शीर्षकमा नाला समेत निर्माण गर्न – रु.३,००,०००।- |

(घ) भूमि व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग पचास प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ङ) साविक बखरी ९(घ), हाल विराटनगर महानगरपालिका वडा नं. ५ स्थित कि.नं.१०३ को पश्चिम तर्फबाट ०-६-०-० (बिघा) र कि.नं.२३८ को उत्तर तर्फबाट ०-७-२-१ (बिघा) गरी जम्मा ०-१३-२-१ (बिघा) जग्गामा जापान सरकारको सहयोगमा JICA मार्फत खानेपानीको ओभरहेड ट्याङ्की सहितको संरचना निर्माण गर्न खानेपानी संस्थानलाई सहमति प्रदान गर्ने एवम् उक्त जग्गा खानेपानी संस्थानलाई उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(च) महानगरपालिकाको पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलनका लागि आ.व.२०७८/०७९ को ठेक्का कबोल अङ्कमा पाँच प्रतिशत बृद्धि गरी आ.व.२०८०/०८१ का लागि ठेक्का व्यवस्थापन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(छ) महानगरपालिका क्षेत्रभित्र विभिन्न वडा तथा स्थानीयवासीहरूको माग बमोजिम अनुसूची-१ मा संलग्न अनुसारको विभिन्न सडकहरूको लुज ग्राभेल (गिट्टी) हाली गरिएको मर्मत कार्यको प्राविधिक मूल्याङ्कन प्रतिवेदन, सम्बन्धित वडाको सिफारिस र अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिसका आधारमा नियमानुसार गरिएको भुक्तानीलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br>(ज) विराटनगर महानगरपालिका, नगर सभाको दशौं अधिवेशनको मिति २०७९/०३/२५ मा बसेको बैठकको निर्णय नं.२५(च) बमोजिम २०८० बैशाखदेखि २०८० असार मसान्तसम्मका लागि विद्युत व्यवस्थापन शाखामा कार्यरत श्री लिलाप्रसाद घिमिरेलाई मासिक शुरु तलबमानको ४० प्रतिशत मासिक रुपमा अतिरिक्त भत्ता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

अनुसूची-१

लुज ग्राभेल (गिट्टी) हाली सडक मर्मत कार्यको विवरणः-

| सि. नं. | वडा नं. | संचालन आ.व. | योजना विवरण | श्रोत | कार्य विवरण | उपभोक्ता/ ठेक्का | ल.ई. रकम/ सम्झौता रकम भ्याट समेत | मूल्याङ्कन रकम (भ्याट समेत) |
|---|---|---|---|---|---|---|---|---|
| १ | १, ३ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३८७.६१ घ.मि. | श्री गंगा कन्स्ट्रक्सन (प्रो. विनायक कु. गोइत) | ल.ई. ९९७६१०.१७ स.र.६३४६०८.०० | ६३०७२३.०६ |
| २ | ४ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः २८४.४९ घ.मि. | श्री रेमन कन्स्ट्रक्सन (प्रो. नारायण यादव) | ल.ई. ९९८८८९.१५ स.र.६३५४२१.६० | ४६२९१३.९९ |
| ३ | ४, १९ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः २६८.७७ घ.मि. | श्री हंसराज नि. सेवा (प्रो. जगदिस प्र. यादव) | ल.ई. ९९७६१०.१७ स.र.६३४६०८.०० | ४३७३४२.५४ |
| ४ | ५ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः २०६.६६ घ.मि. | श्री नवदुर्गा सप्लायर्स (प्रो. संदिप कु. सिंह) | ल.ई. ९९८८८९.१५ स.र.६३५४२१.६९ | ३३६२७६.७८ |
| ५ | ५, १६ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३४६.३९ घ.मि. | श्री देवकञ्चन नि. सेवा (प्रो. कृष्ण प्र. कोइराला) | ल.ई. ९९६३३१.१८ स.र.६३३७९४.४० | ५६३६५२.३२ |
| ६ | ८, १२, १३ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३७६.०६ घ.मि. | श्री ठाकुर नि. सेवा (प्रो. जय प्रकाश ठाकुर ) | ल.ई. ९९५०५२.१९ स.र.६३२९८०.८० | ६११९२७.८८ |
| ७ | १२ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३८२.८२ घ.मि. | श्री दाहाल कन्स्ट्रक्सन (प्रो. पंकज कु. यादव) | ल.ई. ९९८८८९.१५ स.र.६३५४२१.६० | ६२२९१९.८२ |
| ८ | १३ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः २७६.२६ घ.मि. | श्री पुष्प कमल नि. सेवा (प्रो. विजय कु. यादव) | ल.ई. ९९८८८९.१५ स.र.६३५४२१.६० | ४४९५३०.२७ |
| ९ | १८ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३७९.६१ घ.मि. | श्री महेन्द्र नि. सेवा (प्रो. गोइत यादव) | ल.ई. ९९८८८९.१५ स.र.६३५४२१.६० | ६१७७००.२५ |
| १० | १८, १९ | २०७९/०८० | वडाका विभिन्न स्थानमा Loose गिट्टी हाल्ने कार्य | मर्मत | ग्राभेलः ३५१.६७ घ.मि. | श्री मोहम्मद कन्स्ट्रक्सन (प्रो. हुसेनी मिंया धुनिया ) | ल.ई. ९७४५८८.३९ स.र.६१९९६३.२० | ५७२२३१.७३ |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल